श्री प्रशासन

निर्वाचन आयोग
फोन/फ्याक्स नं.- ०२७-५२३५११
E-mail- deo.illam@election.gov.np

# जिल्ला निर्वाचन कार्यालय, ईलाम

# District Election Office, Ilam

पत्र संख्या- २०७९/०८०
चलानी नं. 958

मितिः- २०७९/११/१२

**विषय- कार्यक्रम तालिका पठाइएको सम्बन्धमा ।**

श्री जिल्ला प्रशासन कार्यालय, इलाम
श्री जिल्ला समन्वय सिमितिको कार्यालय, इलाम
श्री मालपोत कार्यालय, इलाम
श्री नापी कार्यालय, इलाम ।
श्री प्रमुख प्रशासकीय अधिकृतज्यू, १० वटै स्थानीय तहहरु, इलाम
श्री वडा सचिवज्यू, ८१ वटै वडा कार्यालयहरु, इलाम ।

प्रस्तुत विषयमा निर्वाचन आयोगको मिति २०७९/११/०१ गतेको निर्णयानुसार र च.नं. २६७ मिति २०७९/११/०१ गतेको पत्र साथ प्राप्त मतदाता नामावली अद्यावधिक (दावी विरोध समेत) कार्यक्रम, २०७९ कार्यक्रम कार्यान्वयन सम्बन्धी कार्यतालिका यसैसाथ संलग्न छ । उक्त कार्यतालिका तहाँ कार्यालयको फेसबुक पेज, वेव साइटमा अपलोड गरी दिन हुन र कार्यालयको सूचना पाटीमा टाँस गरी जानकारी पठाइदिन हुन साथै जिल्ला समन्वय समितिबाट १० वटा स्थानीय तह र ८१ वटै वडा कार्यालयहरुमा समन्वय गरी दिन हुन र १० वटा स्थानीय तह र ८१ वटै वडा कार्यालयबाट कार्यालयको फेसबुक पेज, वेव साइटमा अपलोड गरिदिन हुन र सूचना पाटीमा कार्यतालिका टाँस गरी जानकारी पठाइ दिन हुनका साथै व्यापक प्रचार प्रसार गरी कार्य तालिकामा उल्लेखित क्रियाकलापहरु सञ्चालनमा आवश्यक सहयोग, समन्वय र सहजीकरण गरी दिन हुन सादर अनुरोध छ ।

देवी चरण फूएल
जिल्ला निर्वाचन अधिकारी

सन्दकपुर गाउँपालिका, इलाम
नं.: ७५१
दर्ता मिति २०७९।११।१२

| | क्रियाकलाप | देखि | सम्म | दफा | सम्पर्क गर्ने स्थान | जिम्मेवार व्यक्ति/निकाय |
|---|---|---|---|---|---|---|
| ७. | क्र.सं. ३ बमोजिम उजुरी परेको मतदातालाई प्रमाणसहित सफाइको मौका दिने । | २०७९/११/२३ | २०७९/११/२७ | मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को नियम २२ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी/सम्बन्धित मतदाता |
| ८. | क्र.सं. ५ बमोजिम प्राप्त सूचना र क्र.सं. ६ बमोजिम स्थानीय पञ्जिकाधिकारीबाट प्राप्त विवरणको आधारमा बसाइ सरी अन्यत्र गएका वा मृत्यु भएका मतदाताको हकमा जाँचबुझ गरी प्रमुख नाम दर्ता अधिकारीले हटाउने निर्णय गर्ने । नागरिकता त्याग गरेका वा नागरिकता रद्द भएका मतदाताको नाम मतदाता नामावलीबाट हटाउने सम्बन्धमा आवश्यक छानबिन गरी प्रमुख नाम दर्ता अधिकारीले हटाउने निर्णय गर्ने । | २०७९/११/२३ | २०७९/११/२७ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | | प्रमुख नाम दर्ता अधिकारी |
| ९. | सूचना/निवेदन प्राप्त नभए तापनि कुनै मतदाता बसाइ सरी गएको, मृत्यु भएको, नागरिकता त्याग वा रद्द भएको व्यहोरा प्रमाणित हुन आएमा त्यस्तो मतदाताको नाम नामावलीबाट हटाउने । | २०७९/११/२६ | २०७९/११/२७ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | | प्रमुख नाम दर्ता अधिकारी |
| १०. | क्र.सं. ३ बमोजिम परेको उजुरी र क्र.सं. ७ बमोजिम सम्बन्धित मतदाताले दिएको सफाइको आधारमा उक्त मतदाताको नामावलीबाट नाम हटाउने वा राख्ने सम्बन्धमा प्रमुख नाम दर्ता अधिकारीले निर्णय गर्ने । | २०७९/११/२७ | २०७९/११/२८ | मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को नियम २२ | | प्रमुख नाम दर्ता अधिकारी |
| ११. | क्र.सं. २ बमोजिम परेका निवेदन बमोजिम जाँचबुझ गरी प्रमुख नाम दर्ता अधिकारीले त्रुटि सच्याउने । | २०७९/११/२८ | २०७९/११/२८ | मतदाता नामावली सम्बन्धी नियमावली, २०६८ को नियम २२ | | प्रमुख नाम दर्ता अधिकारी |
| १२. | क्र.सं. ११ बमोजिम त्रुटि सच्याइएको र क्र.सं. ४, ८, ९ र १० बमोजिम नाम हटाइएको सूचना निर्वाचन कार्यालयमा प्रकाशन गर्ने । | २०७९/११/२९ | २०७९/११/२९ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ (३) | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी |
| १३. | क्र.सं. ४ बमोजिम फरक फरक जिल्लामा दोहोरो नाम परेको सम्बन्धमा निवेदन प्राप्त भए सोको छुट्टै विवरण तयार गरी जिल्ला अद्यावधिक भएको डाटासँगै आयोगमा पठाउने । | २०७९/११/३० | २०७९/१२/०१ | मतदाता नामावली ऐन, २०७३ को दफा १७ (३) | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय/निर्वाचन आयोग | प्रमुख नाम दर्ता अधिकारी |

निर्वाचन आयोग जिल्ला निर्वाचन कार्यालय इलाम २०५६

जिल्ला निर्वाचन अधिकारी

निर्वाचन आयोग, नेपाल

## प्रमुख नाम दर्ता अधिकारीको कार्यालय, इलाम

### मतदाता नामावली अद्यावधिक (दावी विरोध समेत) कार्यक्रम सम्बन्धी सूचना

मतदाता नामावली अद्यावधिक (दावी विरोध समेत) कार्यक्रम, २०७९ देहायका क्रियाकलाप सहित सञ्चालन हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | क्रियाकलाप | देखि | सम्म | दफा | सम्पर्क गर्ने स्थान | जिम्मेवार व्यक्ति/निकाय |
|---|---|---|---|---|---|---|
| १. | कार्यक्रमको सूचना तथा मतदाता नामावली प्रकाशन | २०७९/११/२२ | २०७९/११/२२ | मतदाता नामावली ऐन, २०७३ को दफा १३ | सम्बन्धित वडा कार्यालय र प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारी |
| २. | क.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा रहेको त्रुटि सच्याउन सम्बन्धित प्रमुख नाम अधिकारीको कार्यालयमा निवेदन दिने । | २०७९/११/२३ | २०७९/११/२५ | मतदाता नामावली ऐन, २०७३ को दफा १४ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धित मतदाता वा निजको परिवारको सदस्य |
| ३. | क.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा कसैले झुट्टा विवरण दिई नामावलीमा नाम समावेश गरेको भए सोको विरोधमा उजुरी दिने । | २०७९/११/२३ | २०७९/११/२५ | मतदाता नामावली ऐन, २०७३ को दफा १५ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | कुनै पनि व्यक्ति |
| ४. | क.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा कुनै मतदाताको नाम एकभन्दा बढी स्थानमा समावेश भएकोमा एक स्थानमा मात्र कायम गर्न निवेदन दिने (एकै स्थानीय तह वा फरक फरक स्थानीय तह वा एकै जिल्ला भित्रको भए प्रमुख नाम दर्ता अधिकारीको कार्यालयमा र फरक फरक जिल्लामा भए प्रमुख नाम दर्ता अधिकारी मार्फत आयोगमा निवेदन दिने) । | २०७९/११/२३ | २०७९/११/२५ | मतदाता नामावली ऐन, २०७३ को दफा १६ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धित मतदाता |
| ५. | क.सं. १ बमोजिम प्रकाशित मतदाता नामावलीमा मृत्यु भएका वा नागरिकता त्याग गरेका मतदाताको नाम मतदाता नामावलीबाट हटाउनको लागि सूचना दिने । | २०७९/११/२३ | २०७९/११/२५ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय | सम्बन्धित मतदाताको एकाघरको सदस्य वा अन्य कुनै व्यक्ति |
| ६. | बसाइ सरी अन्यत्र गएका वा मृत्यु भएका मतदाताको विवरण स्थानीय पञ्जिकाधिकारीबाट र नागरिकता त्याग गरेका मतदाताको विवरण जिल्ला प्रशासन कार्यालयबाट प्राप्त गर्ने । | २०७९/११/२३ | २०७९/११/२६ | मतदाता नामावली ऐन, २०७३ को दफा १८ | स्थानीय पञ्जिकाधिकारीको कार्यालय | प्रमुख नाम दर्ता अधिकारीको कार्यालय |

जिल्ला निर्वाचन अधिकारी